सामाजिक सुरक्षा कोष
Social Security Fund

बबरमहल, काठमाडौं

## सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशक पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८० साउन १६)

सामाजिक सुरक्षा कोषमा रिक्त रहेको कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ तथा सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ बमोजिम देहायका शैक्षिक योग्यता र अनुभव भएका ईच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (कार्यालय समय) भित्र सामाजिक सुरक्षा कोषको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **न्यूनतम शैक्षिक योग्यता र कार्यअनुभव:** अर्थशास्त्र, व्यवस्थापन, श्रम, वाणिज्यशास्त्र वा कानूनमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैह्रसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको र निवेदन दिने अन्तिम मितिमा ५५ वर्ष उमेर ननाघेको व्यक्ति कोषको कार्यकारी निर्देशक पदको उम्मेदवार हुन सक्नेछ।

२. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात, विवरण तथा व्यावसायिक कार्ययोजना:** ईच्छुक उम्मेदवारले कोषमा निवेदन दिँदा निवेदनसाथ देहायका कागजात तथा विवरणहरुमा आफैंले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरी पेश गर्नु पर्नेछ:-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र कार्यालय) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यवसायिक अनुभवको प्रतिलिपिहरु,

(ग) सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली,२०७६ को विनियम ६ को उपविनियम (२) बमोजिमका विषयहरुमा निवेदक स्वयंले हस्ताक्षर गरेको स्वघोषणाको कागजात,

**(घ)** सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ को विनियम ७ बमोजिमका विषयहरु समावेश गरी दश पृष्ठमा नबढ्ने गरी नेपाली र अंग्रेजी दुवै भाषामा तयार गरी सिलवन्दी गरीएको कार्ययोजना।

**३.** **छनौट प्रकृया :** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ बमोजिमको प्रक्रिया अवलम्बन गरी उम्मेदवारको छनौट गरिनेछ।

**४.** **पारिश्रमिक :** कार्यकारी निर्देशकलाई सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ तथा कार्यसम्पादन सम्झौतामा उल्लेख भए बमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक र अन्य सुविधाहरु प्रदान गरिनेछ।

**५.** **निवेदन दस्तुर:** उम्मेदवारले निवेदन दिंदा निवेदन दस्तुर वापत रु. ३००० यस कोषको प्राईम कर्मसियल बैंक लि. कमलपोखरी शाखामा रहेको SSF(Operating Account) नामको खाता ( खाता नं 00105916CA) मा जम्मा गरी निवेदनसाथ भौचर संलग्न गर्नु पर्नेछ।

**६.** **अन्य विवरण :**

(क) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ र कार्यसम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(ख) उम्मेदवारले निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु खामबन्दी गरी खाम बाहिर "**सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको आवेदन तथा व्यावसायिक कार्ययोजना**" भनी उल्लेख गर्नु पर्नेछ।

(ग) रीत नपुगी प्राप्त भएका निवेदन स्वीकृत गरिने छैन। झुठ्ठा विवरण वा कागजात पेश गरेमा निवेदन रद्द गरी प्रचलित कानून बमोजिम कारवाहीको लागि सिफारिस गरिनेछ।

(घ) कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक तथा अन्य विषयमा विस्तृत जानकारी कोषको वेवसाईट www.ssf.gov.np मा उपलब्ध सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी विनियमावली, २०७६ बाट लिन सकिनेछ।

(ङ) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कोषको टेलिफोन नं. ०१-५३१२०६७ र ०१-५९७००१६ वा www.ssf.gov.np बाट यस सम्बन्धी थप जानकारी लिन सकिनेछ।